# पत्रकारितासँग मेरो परिचय र अभ्यास

**यशोदा तिम्सिना**

तेह्रथुम जिल्लाको जिरिखिम्ती गाविसमा हो म जन्मिएको । गाउँको स्कूलमा पढ्दा मैले कहिल्यै दोस्रो हुनु परेन । पढाइका अतिरिक्त हुने हिज्जे, नृत्य, खेलकुद, वादविवाद जस्ता क्रियाकलापमा म नै पुरस्कृत हुन्थेँ । कुरो १ कक्षाबाट २ मा जाँदाको हो । विद्यालयभरिमा सबैभन्दा बढी नम्बर ल्याउने विद्यार्थीलाई ३० रुपियाँ (५० हो कि ? बिर्से) पुरस्कार दिइन्थ्यो । निश्चय नै त्यो पुरस्कारको दावेदार मै थिएँ । तर, किन हो त्यो मलाई नदिई मेरै कक्षाका दोस्रो विद्यार्थीलाई दिइयो । धुमिल स्मृतिमा रहेअनुसार 'तिमी केटी भएर नपाएको' भन्दै साथीहरूले जिस्क्याए जस्तो लाग्छ । मेरा अभिभावकले पनि त्यसको सोधीखोजी गरिदिएको जस्तो मलाई लाग्दैन ।

मेरा गुरुहरू उसबेला मलाई 'यो तोयानाथ बन्छे' भन्नुहुन्थ्यो । तोयानाथ अहिले संसद् सचिवालयमा सहसचिव हुनुहुन्छ, जो मेरो गाउँबाट सरकारी सेवाको उपल्लो तहमा पुग्ने पहिलो व्यक्ति हुनुहुन्छ । तर, मेरो पढाइ माध्यमिक स्तरमा पुग्दा केही खस्केको थियो । तैपनि, करिब ८० जना विद्यार्थीमा म 'टप टेन' भित्रै पर्थें । प्रवेशिका परीक्षा उत्तीर्ण गर्दा सेकेन्ड डिभिजन थियो, जुन सबैका लागि आकर्षक थियो । दुई/चार वर्ष मात्रै भयो गाउँका विद्यालयले प्रथम या द्वितीय श्रेणीमा केही विद्यार्थी पास गराउन थालेको । एक त पास गर्नेको सङ्ख्या नै नगण्य हुन्थ्यो र भएका पनि सबै 'पास डिभिजन' मा नै पास हुन्थे, २०५० सालतिर पनि ।

अहिलेका बालबालिका जस्तो के बन्ने ? भन्ने प्रश्नको जवाफ मेरो दिमागमा कहिल्यै आएन । यति मात्रै हो, प्रवेशिका परीक्षा दिएपछि मेरा सबै केटी

सहपाठीको बिहे भयो, म त्यो नहोस् भन्ने चाहन्थेँ । झिनो आशा यसकारण थियो कि मेरा दाइहरू पहिल्यै काठमाडौँमा 'सेटल' भइसकेका थिए ।

मेरो दाइ मलाई नर्स बनाउन चाहनुहुन्थ्यो । मेरो पनि असहमति थिएन । तर, गाउँको म पढ्ने विद्यालयमा विज्ञान या स्वास्थ्य विषय थिएन । नर्सिङ् पढ्नलाई तीमध्ये एक विषय जरुरी रहेछ । यसपछि मेरो क्षेत्र स्वास्थ्य बन्न सकेन । म कुनै कलेजको विद्यार्थी नभईकनै मानविकीमा स्नातक भएँ । दाइको 'ल फर्म' भएकाले मेरो झुकाव कानूनतर्फ थियो । मानविकीपछि म कानून पढ्न थालिसकेकी थिएँ ।

## औपचारिक पत्रकारितामा प्रवेश

मैले संवाददाता भएर काम गरेको दस वर्ष पुग्यो । मेरो औपचारिक पत्रकारिताको सुरुआत *महानगर* दैनिकबाट भएको हो । चारपाते 'टचाब्लोइड साइज' को यो अखबार कामना प्रकाशन समूहले प्रकाशन गर्छ अहिले पनि । सोर्सफोर्सका आधारमा जागिर नखाने कुरामा प्रतिबद्ध म *महानगर*ले गरेको विज्ञापनका आधारमा लिखित र मौखिक परीक्षा पास गरेरै पत्रकार भएकी हुँ । फेरि, पत्रकार हुनलाई निश्चित क्षमता नभई सोर्सले धान्न पनि कठिन छ । धुमिल सम्झनामा, त्यस बेला ३० जना जति प्रतिस्पर्धी थियौँ । चाहिएको रहेछ तीनजना, जसमध्ये म एक हुन पुगेँ ।

अखबारमा देखेको 'आवश्यकता' भन्ने विज्ञापनको सदुपयोग गरिहालौँ न त भनेर मैले *महानगर*मा आवेदन हालेकी थिएँ । तर पत्रकार हुने पृष्ठभूमि भने थियो नै । अझ म पत्रकार हुनुलाई केही व्यक्तिको टिप्पणीले पनि ऊर्जाको काम गरेको हो भन्ने लाग्छ । पहिला त मेरा दाइ तुलसीले नै मलाई पत्रकार बन्न प्रेरित गर्नुभएको हो । सीधै 'पत्रकार बन' नभने पनि बजारमा उपलब्ध हुने प्रायः पुस्तक र पत्रपत्रिका किनेर घर ल्याउने उहाँको बानीले म लेखनीतर्फ आकर्षित भएकी थिएँ । अरू जागिर पाउने सम्भावना छँदाछँदै पनि मेरो रुचिलाई प्राथमिकता दिएको पनि उहाँले नै हो । दिनेश सत्यालले मिडिया प्वाइन्टमा पत्रकारिता पढाउनुहुन्थ्यो, उहाँले लेखनीलाई निरन्तरता दिए राम्रो पत्रकार बन्ने सम्भावना छ भनेर कक्षामा नै भन्दा ममा अझ उत्साह भरिन्थ्यो । यदि मिडिया प्वाइन्ट नामक संस्था नखुलेको भए म पत्रकारितामा आउने सम्भावना कम थियो ।किनकि विज्ञापनमा पत्रकारिताको तालिम या कलेजमा पढेको हुनुपर्ने कुरो उल्लेख गरिएको थियो । त्यहाँ काम नथालेको भए अरू क्षेत्रमा काम सुरु गर्ने सम्भावना प्रवल थियो ।

त्यति बेलाको *आजको समाचारपत्र*का तत्कालीन सम्पादक कपिल काफ्लेले मलाई इन्डियन इन्स्टिट्च्यूट अफ मास कम्युनिकेसन (आईआईएमसी) बाट

पत्रकारितामा डिप्लोमा गरेर फर्किएपछि *महानगर*को जागिरबाट निकाल्नुपर्छ भनेर मेरै अगाडि प्रधान सम्पादक पुष्करलाल श्रेष्ठलाई गरेको सिफारिश र श्रेष्ठले निकाल्ने होइन, 'बेतलवी बिदा' हुन्छ भनिदिएका कारण पनि म पत्रकारितामा रहेँ । तालिममा जानुअघि मेरो मासिक तलब ३५ सय रुपियाँ थियो । निश्चय नै, तालिमका अवसरमा रहँदाको तलबको मैले आश गरेकी थिइनँ । किनकि त्यस किसिमको चेतना पनि ममा थिएन सायद । तर सम्पादक काफ्लेले कामबाटै निकाल्नुपर्छ भनेर सिफारिश गर्नुपर्ने कारणमा म अनभिज्ञ छु, अहिले पनि । *आजको समाचारपत्र* र *महानगर*का प्रधान सम्पादक एकै व्यक्ति पुष्करलाल भएका कारण सम्पादक काफ्लेले त्यस्तो सिफारिश गर्नुभएको थियो ।

आईआईएमसीमा पढ्न आउने करिब २० देशका पत्रकारहरू थिए । उनीहरू आफ्नो देश फर्किएपछि 'प्रमोसन' पाउने कुरामा ढुक्क थिए । तर, मेरो अवस्था चाहिँ त्यसको विपरीत थियो । प्रधान सम्पादक श्रेष्ठले सम्पादक काफ्लेको भनाइ मानेको भए म पत्रकारिता क्षेत्रमा रहने सम्भावना कम हुन्थ्यो । अहिले सम्झँदा यसै लाग्छ मलाई ।

मलाई अहिले पनि राम्रैसँग याद छ, *महानगर*का तत्कालीन सम्पादक बद्री तिवारीसमक्ष उपत्यकामा ग्यासको समस्याबारे समाचार लेखेर बुझाएपछि त्यो बाइलाइनमा आउँदा कति फुर्किएकी थिएँ । त्यस समाचारले म रोमाञ्चित, उत्साहित र पुलकित भएकी थिएँ । त्यो समाचार एक बसाइमा तीनचोटि पढेथेँ । ठूलो प्रकाशन संस्था भएकाले त्यहाँ म *महानगर*मा मात्रै सीमित भइनँ । *कामना*मा गायक तिलकबम मल्लको प्रोफाइलदेखि *साधना*मा नालापानी किल्लाका विषयसम्म लेखियो । *नेपाल समाचारपत्र* (तत्कालीन*आजको समाचारपत्र*) का सम्पादक कपिल काफ्लेले सम्पादकीय लेख्न लगाउँदा दङ्ग पर्दै कनीकुथी लेखेको संस्मरण पनि अझै हराएको छैन ।

यसो त संवाददाता नहुँदै *युवामञ्च, विमोचन, रङ्गमञ्च, गोरखापत्र* लगायतमा मेरा रचना प्रकाशन भइसकेका थिए । साहित्यतर्फको मेरो लगाव देखेर मेरा अग्रजहरू साहित्य रचनालाई निरन्तरता दिए राम्रो साहित्यकार बन्ने सम्भावना छ भनेर पनि हौस्याउँथे ।

## रिपोर्टिङ सिलसिलाका केही तीतामीठा अनुभव

कुराको सुरुआत तीतो भोगाइबाट नै गरौँ । *महानगर*को संवाददाता भएकै बखतको अनुभव हो । स्व. गजेन्द्रनारायण सिंह मन्त्री हुनुहुन्थ्यो । उहाँले राजाको जन्मोत्सव पारेर केही कैदी छुटाउन सिफारिश गर्नुभएको र मन्त्रिपरिषद्ले त्यो

कुरो सकारेको जानकारी मैले पाएँ । त्यो कुरो सोध्न फोनमा सम्पर्क हुन नसकेपछि म मन्त्री क्वार्टर नै पुगेँ । मैले मेरो जिज्ञासा निडर भएर राखेँ । "मन्त्रीज्यू ! तपाईको सिफारिशमा कैदी छुटे भन्ने जानकारी पाएकोले सोध्न आएकी ..." मेरो पहिलो सोधाइ थियो । कुनै दुराग्रह नभएकाले पनि मलाई कुरो राख्न हिच्किचाहट थिएन । तर, परिणाम मैले सोचेभन्दा फरक निस्कियो । "मधेसी भएकाले हेपेको ?" यही शब्द मात्र अहिले म सम्झन्छु, उहाँले भनेको । यसपछि पाँचपटक जति त उहाँले कुटौँलाजस्तै गरेर हात उठाउनुभो । तर अरूहरू पनि वरिपरि भएकाले हात चैं छोड्नुभएन । म पत्रिकाकै अफिसमा फर्किएँ र घटना विवरणसहितको समाचार लेखेँ ।

नेपालमा टाउको जोडिएका बालिका (गङ्गा र जमुना) जन्माउने सन्ध्या केसी-श्रेष्ठले बालिकाको उपचार गरेर सिङ्गापुरबाट फर्कंदा विमानस्थलमा सञ्चारकर्मीप्रति गरेको व्यवहारका बारेमा *नेपाल*मा मैले समाचार बनाएँ । विमानस्थलमा ओर्लनासाथ सञ्चारकर्मीले सोधेका प्रश्नमा उनी आक्रामक भएकी थिइन् । कतिसम्म भने फोटो पत्रकारहरूलाई फोटो खिच्न नदिने प्रयास पनि गरेकी थिइन् । यी र यस्तै कुरालाई मैले समाचारमा समेटेकी थिएँ ।

त्यसको एक वर्षपछि बालिकाको स्वास्थ्यस्थिति बुझ्न फोटो पत्रकार नरेन्द्र श्रेष्ठ (हाल कान्तिपुर पब्लिकेशन्स् सम्बद्ध) सँगै सन्ध्याको कोठा मैतीदेवी गएँ । तिनलाई मेरो लेखाइले यति रिस उठाएको रहेछ कि झण्डै मेरा कपाल लुछिनन् । घाइते बघिनीका जस्ता आँखा तरेर आँसु पनि झार्दै तिनी ममाथि जाइलाग्न खोजिन् । म असमञ्जसमा परेँ । तिनको चित्तै दुखाइएछ कि भन्ने पनि लाग्यो । "तिमी आमा भएकी भए थाहा हुन्थ्यो" तिनको यस वाक्यले चाहिँ मलाई पछिसम्म पनि छोइरह्यो । "मेरो आशय तपाईंलाई चित्त दुखाउने नभई तपाईंको व्यवहारको वर्णन गर्नुमात्रै थियो" मैले सम्झाउने प्रयास गरेँ । तर, तिनले मेरो कुरो सुनिनन् । सन्ध्याका पिता अर्जुन श्रेष्ठले चाहिँ बालिका अर्थात् नातिनीको स्वास्थ्यबारे जानकारी दिए । तैपनि म दुःखी मन लिएर फर्किएँ ।

पत्रकारिताका सुरुआती दिनमा समाचार स्रोतहरूले गर्ने व्यवहार सम्झेर अहिले पनि मलाई दुःख लाग्छ । ती सबै व्यक्ति पुरुष नै थिए । सकभर कुरामा भन्दा मेरो व्यक्तिगत जानकारी लिनमा उनीहरू उद्यत हुन्थे । बैनीको घर कहाँ हो ? बिहे भयो कि भएको छैन ? पत्रकारितामा लागेको कति भयो ? पत्रकारिताको तालिम लिएको कि कलेजमा पढेको ? ...यस्तैयस्तै । उनीहरू मैले चाहेको जानकारी दिनुभन्दा मेरो व्यक्तिगत जानकारी लिएर आलटाल गर्न खोज्थे । सायद मेरो प्रश्न गराइको अपरिपक्वताले पनि त्यसो गरेका होलान् ।

कतिपय विशिष्ट मानिएका व्यक्तिले समेत मेरो समकालीन पुरुष साथीलाई बोलाउँदा नामका पछाडि 'जी' जोड्ने तर मलाई चाहिँ बैनी भन्ने ! त्यस्तो व्यवहार म अहिले पनि यत्रतत्र पाउँछु । म सोच्छु, त्यो सम्मानजनक अपमान हो कि, अपमानजनक सम्मान ! कतिसम्म भने प्रकाशन गृहका सुरक्षागार्डले मभन्दा जुनियर पुरुष सहकर्मी र म सँगै हिँडयौँ भने उनलाई 'स्यालुट' गर्छन् । म एक्लै हिँडे भने चुप लाग्छन् । मलाई लाग्छ, पितृसत्तात्मक सोचको परिणाम हो यो । एउटा सकारात्मक कुरो चाहिँ के हो भने कान्तिपुर पब्लिकेशन्स्ले उसका कर्मचारीलाई दिने सेवा सुविधामा भेदभाव गरेको छैन, चाहे ती महिला हुन् या पुरुष । यो मेरो विश्वास हो ।

अर्को एउटा रिपोर्टिङ गर्दाकै प्रसङ्ग । घटना रुकुमको हो । सदरमुकाम मुसिकोटमा अन्दाजी ६० वर्षकी एक महिलासँग भेट भयो । तिनी बाटोमा टोलाएझैँ गरेर बसेकी थिइन् । मैले तिनीसँग कुरा गरेँ । "माओवादी भनेर मेरो हुलाकी छोरोलाई जेल हालेका छन्, तिमी त पत्रकार्नी रहिछौ । लौ न मेरो उपकार गर्देऊ" गला अवरुद्ध पार्दै ती वृद्धाले मसँग अनुनय-विनय गरिन् । यो २०५९ सालको कुरो हो । जति बेला राज्य र माओवादी दुवै मान्छे मार्न र बेपत्ता पार्नमा उद्यत थिए । यस्तो स्थितिमा जेल परेको मान्छेका बारेमा के गर्न सक्नु ? अहिले माओवादी जङ्गलबाट गाउँ/सहर आएका छन् । ती वृद्धाको छोरो पनि अब त पक्कै जेलबाट छुटे होलान्, म काठमाडौँमा बसेर अनुमान लाइरहेछु ।

समाचारकै कारण धेरैले धन्यवाद दिएका छन् । कति मान्छेले तिनै समाचारका कारण न्याय पनि पाएका छन् । तर, त्यसमा म धेरै उत्साहित हुन्न, किनभने त्यो त मेरो 'डयुटी' हो ।

## प्रसङ्ग 'बीट' को

पत्रकारिता सुरु गर्दा कुनै 'बीट' मा आधारित भएर समाचार लेखिएन । नढाँटी भन्नुपर्दा, जानी नजानी आकाशमुनि र जमिनमाथिका प्रायः सबै विषयमा समाचार लेखियो । तर, २०५७ सालमा मेरो लेखाइले अलिकति धार बदल्यो । उस बेलाको *नेपाल* पाक्षिक प्रकाशन गर्न कान्तिपुर पब्लिकेशन्स्ले आवश्यकता प्रकाशित गऱ्यो । तीनपटकको लिखित र मौखिक परीक्षा दिएपछि विजयकुमार पाण्डेको सम्पादनमा प्रकाशन हुने *नेपाल*को संवाददाता भइयो ।

सुरुआती दिनमा चार जना संवाददाता– राजाराम गौतम, ध्रुव सिंखडा, हरि अधिकारी र म मात्र नियुक्त गरिएका थियौँ । अधिकारी पत्रिका बजारमा नआउँदै टिमबाट बाहिरिए, बाँकी रह्यौँ तीन जना । सम्पादकको पृष्ठभूमि टेलिभिजन

थियो । ध्रुव पहिलोचोटि पत्रिकामा संलग्न, राजारामको अनुभव साप्ताहिक अखबारमा थियो । मेरो दैनिक अखबारकै भए पनि त्यति धेरै वर्षको अनुभव थिएन । यस्ता आलाकाँचा मान्छेहरू मिलेर पाक्षिक पत्रिका निकाल्नुपर्ने थियो । चार दिनअघि नै पत्रिका छाप्न भारतको राजधानी नयाँदिल्ली पठाउनुपर्ने ।

त्यस समयमा विजयकुमारले हामीलाई 'बाल पत्रकार' भन्नुहुन्थ्यो, कम्तीमा हाम्रा अगाडि । अहिले आक्कलझुक्कल हुने भेटमा उहाँको कमेन्ट हुन्छ, "अब परिपक्व पत्रकार भयौ ।" *नेपाल* निस्किएका सुरु अङ्कमा हामी 'बीट' मा बाँधिएका थिएनौँ । खास गरी बीटमा छलफल पनि हुन्थेन । माथि नै उल्लेख गरियो, सबैको नयाँ अनुभव थियो म्यागेजिनकारिताको । यस हिसाबले पनि काम गर्न सजिलो थिएन । त्यसमाथि 'टिम क्याप्टेन' को पृष्ठभूमि छापा माध्यम भए पनि धेरै वर्ष यता उहाँ विद्युतीय सञ्चारमाध्यममा हुनहुन्थ्यो । यसले पनि पत्रिका निकाल्ने काम असजिलो भएको हुनुपर्छ ।

एकातिर भित्रको माहोल यस्तो थियो भने बाहिरकाहरू विजयसँग काम गर्न सकिन्न भनेर तर्साइरहन्थे । तत्कालीन कामको पृष्ठभूमिका कारण कहिलेकाहीँ अप्ठ्यारो परे पनि समग्रमा तीन वर्षको उहाँको कार्यकाल सफल रह्यो । उहाँले एउटा सम्पादकले आफ्ना जुनियर सहकर्मीसँग गर्नुपर्ने व्यवहार गर्न सक्नुभएन *नेपाल*मा रहुञ्जेल । यस कुराको महसुस उहाँले जाने बेलामा गर्नु भएको थियो । र, विदाइ अवसरमा भावुक हुँदै यो कुरो स्वीकार्नुभएको पनि थियो ।

यद्यपि विजयकुमारको कार्यकाल यसर्थ पनि सफल भयो कि *नेपाल* भन्ने पत्रिकाको अस्तित्व निर्माण गर्ने श्रेय संस्थापक सम्पादकका हिसाबले पनि उहाँलाई नै जान्छ । सीमित जनशक्तिले पत्रिका बजारमा स्थापित गराउनै पर्ने 'स्ट्रेस' का कारण पनि उहाँ प्रायः तनावमा हुनुहुन्थ्यो । एउटा तनावमा रहेको व्यक्तिले अरूसँग कस्तो व्यवहार गर्छ, त्यो उल्लेख गर्नुपर्ने कुरै होइन । तीन जना संवाददाता साथमा लिएर पाक्षिक पत्रिका बजारमा ल्याउनु उहाँलाई ठूलै चुनौती रहेछ अहिले बुझ्दा ।

## महिला बीट मेरो

म्यागेजिनकारितालाई आत्मसात् गरेपछि मैले महिलाका विषयलाई समाचारका लागि प्राथमिकता दिएँ । लैङ्गिक समानताबारे सामान्य जानकारी भएपछि र अरू सहकर्मीले महिलाका विषयमा खासै रुचि नदेखाएपछि यसमा मैले कलम नचलाए कसले चलाउने भन्ने लागेर पनि म यी विषयमा आकर्षित थिएँ । *नेपाल*की स्तम्भकार कल्पना घिमिरेको महिलाप्रतिको स्पष्ट धारणाले पनि मलाई

यस विषयमा कलम चलाउन प्रेरित गरेको थियो । *नेपाल*को कार्यालयमा आउँदा एकाध घण्टा उहाँ र म महिलाका विषयमा छलफल गर्थ्यौं । पश्चिमा महिलाको स्थितिका बारेमा घिमिरेले मलाई धेरै कुरा बताउनुभएको थियो त्यस बेला ।

इन्डियन इन्स्टिच्यूट अफ मास कम्युनिकेसनको अध्ययनका क्रममा बीट, जेन्डरजस्ता विषयमा, थोरै सही, जानकार हुनुले पनि महिला विषय मेरो छनोट भयो । पूर्वी जर्मनीस्थित इन्टरनेसनल इन्स्टिच्यूट फर जर्नालिज्म, ब्रान्डेनवर्गमा लिएको अर्को तालिमले महिलाका विषयमा कलम चलाउनु मेरो दायित्व नै हो जस्तो लाग्यो । त्यहाँका महिला पत्रकारहरू एञ्जेलिका सोल्ज, सानिया भोल्ग, मारिया कुइत्जरका अनुभव सुन्दा महिलाका विषयमा युरोपियनसमेत केही सङ्कुचित रहेछन् भन्ने लाग्यो । उनीहरू पनि महिलाका विषयमा महिलाले नै कलम चलाउनुपर्छ भन्थे । उनीहरूका भनाइमा म सहमत भएँ र नेपाल फर्किएपछि महिलाका विषयको लेखनीलाई निरन्तरता दिएँ ।

केही वर्षपछि विजयकुमारले *नेपाल* छोडेपछि नेतृत्व फेरियो । तीर्थ कोइराला सम्पादक भएर आउनुभयो । उहाँले पनि महिलाका विषयमा महिलाले नै राम्रो लेख्छन् भन्ने आशय व्यक्त गर्नुभयो । मैले त्यसलाई शिरोपर गरेँ । दुई वर्ष पछाडि सुधीर शर्माले सम्पादकको जिम्मेवारी लिनुभयो । तीर्थ कोइराला छँदै सहायक सम्पादक रहेका सुधीर शर्माको कार्यकालमा पत्रिकाले आफूलाई साप्ताहिक बनायो । महिलाका विषय महिलाले नै नलेखे पनि हुन्छ भन्ने उहाँको आशय थियो । तर, त्यसलाई मैले व्यवहारमा नबदल्दै उहाँ पनि पत्रिकाबाट बाहिरिनुभयो ।

अहिले *नेपाल*मा नेतृत्व दिन आइपुग्नुभएको छ, दिग्गज पत्रकार किशोर नेपाल । नाम किशोर भए पनि पत्रकारितामा सक्रिय भएर करिब चार दशक पूरा गर्नुहुने नेपालले चाहिँ महिलाका विषयमा नै रिपोर्टिङ् गर भन्नुहुन्छ भन्ने मैले ठानेकी थिइनँ । आउनासाथ पहिलो 'असाइनमेन्टस्' को बैठकमा उहाँले मेरालागि गृहिणी अर्थात् महिलाको विषय नै दिनुभयो । तर, अब चाहिँ 'बीट' मा कोही पनि बाँधिनु पर्दैन भन्नुभएको छ । परिणाम हाजिर छ, म आजकल विभिन्न राजनीतिक दलका नेताको अन्तरवार्ता लिन्छु संवाद भन्ने स्तम्भमार्फत । म चाहन्छु अब महिलाका विषय अरूका प्राथमिकतामा परून् ।

पत्रकारिताको अहिलेसम्मको मेरो अनुभवले भन्छ, महिलालाई प्रायः सबै पुरुषले प्रतिस्पर्धी ठान्छन् तर बाहिर अक्षम देखाउन चाहन्छन् । मलाई सीधै अक्षम भन्ने हिम्मत कुनै पुरुष सहकर्मीले गरेका छैनन् । तिनका व्यवहारले यो पटकपटक भएको छ । मभन्दा धेरै जुनियर पुरुष साथीहरूले पनि मलाई

सिनियरका रूपमा स्वीकार्न नसकेको दृष्टान्त मसँग छ । र, मलाई यो पनि थाहा छ, त्यो 'मेल इगो' हो ।

*नेपाल*मा म मात्रै एक जना संवाददाता महिला हुँ । महिलाका विषयलाई पुरुष सहकर्मीले 'कभरेज' गर्दा अझ बढी जानकारी आउन सक्छ । अथवा उनीहरू म जति सङ्कुचित नहुन सक्छन्, जसले गर्दा महिलाका विषय अझ प्राथमिकतामा परून् । उसो भए मैले यी विषयमा लेख्न पुरुष सहकर्मीलाई किन उत्साहित नगर्ने ? आज यो प्रश्न मेरासामु तेर्सिएको छ ।

यो मात्रै होइन, प्रश्नको ओइरो नै लागेको छ अहिले । अरू सहकर्मीले महिलाका मुद्दामा ध्यान नदिँदा र *नेपाल* जस्तो राष्ट्रियस्तरको पत्रिकामा ती मुद्दा नदेखिँदा फेरि पनि नोक्सान त महिलाकै हुन्छ । त्यस बखत मेरो मन मान्दैन । म महिलाका विषय लिएर देखा पर्छु सम्पादकका अगाडि । अहिले पनि पत्रकारितामा राजनीतिबाहेकका विषयलाई मूलधारका विषय मानिन्न । तर, म हरेक विषयको त्यत्तिकै महत्त्व हुन्छ भन्ने ठान्छु । महिलाका विषयमा भरिसक्य महिलाले नै लेख्नुपर्छ भन्ने मान्यता अझै हराएको छैन । त्यसमा पनि अब परिवर्तन हुनुपर्छ । एउटा दिग्गज पत्रकारले महिलाका विषयमा रिपोर्टिङ गर्न थाल्यो भने निश्चय नै यी यस्ता विषय पनि मूलधारका बन्न समय लाग्दैन ।

स्वाभाविकै हो, म अहिले सिक्ने क्रममा छु । सिक्नका निम्ति पत्रकारितामा बिताएका दुई/चार वर्षले पुग्ने पनि होइन । एउटै किसिमका विषयमा समाचार लेखिरहँदा त्यसमा नयाँपन नआउने रहेछ । यसर्थ म मेरो लेखाइको पुनर्ताजगीका लागि पनि 'बीट' परिवर्तनको पक्षमा छु ।